२२३८/४३९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. २८०/०७३/७४
निर्णय नं. ४३९

जिल्ला रौतहट, गौर न. पा.-१२ निबासी रबिन्द्र साह ........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गौर आँखा अस्पताल, रौतहट ........................................१
सूचना अधिकारी, गौर आँखा अस्पताल, रौतहट ........................................१ } विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला रौतहट, गौर न. पा.-१२ निबासी रबिन्द्र साहले गौर आँखा अस्पताल, रौतहट समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१०।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गौर आँखा अस्पताल, रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गौर आँखा अस्पताल स्थापना भएदेखि हालसम्म यस अस्पतालको नाममा दाताहरुले गरेको सहयोगको रकम र सो रकम खर्चको शीर्षक ।
२. गौर आँखा अस्पतालको संचालन सम्बन्धी निर्देशिका ।
३. आ. ब. ०७१।७२ र ०७२।७३ को गौर आँखा अस्पतालको खर्चको फाँटबारी ।
४. बिरामीहरुको लागि प्रयोग हुने लेन्स लगायतको वस्तुहरुको खरिद प्रक्रिया सम्बन्धी बिवरण

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ।